annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १७३, पृष्ठ ८ | काठमाडौं, शुक्रबार १४ कात्तिक २०८२ | कार्तिक शुक्लपक्ष दशमी, नेपाल संवत् ११४६ | FRIDAY, OCTOBER 31, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

त्रिवि अतिक्रमण - शृंखला ३

# पाटन क्याम्पसको अर्बौंको जग्गा हिनामिना

सरकारी विश्वविद्यालय र क्याम्पसको सम्पत्तिको कतिसम्म दुरुपयोग हुन्छ ? त्रिभुवन विश्वविद्यालय र त्यसअन्तर्गतका आंगिक क्याम्पसको अवस्था हेरे पुग्छ। राजनीतिक संरक्षणमा त्रिविको सम्पत्तिमा ब्रह्मलुट छ भने पाटन क्याम्पसको अवस्था पनि उस्तै छ। रानी जगदम्बाले दानमा दिएको एक रोपनीभन्दा बढीको जग्गाको हिसाबकिताब छैन भने भएको जग्गा पनि सस्तोमा व्यापारिक प्रतिष्ठानलाई भाडामा दिइएको छ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २



टहरामा सञ्चालित पाटन क्याम्पस। ● सुनिता डंगोल

## जमैकामा इतिहासकै शक्तिशाली आँधी



**किङ्सटन** (एजेन्सी) : जमैकामा इतिहासकै सबैभन्दा शक्तिशाली आँधी मेलिसाले क्यारिबियन टापुमा विनाश मच्चाएको छ। तीव्र हावा र भारी वर्षाले घर र पूर्वाधार ध्वस्त पारेको छ। बाढीले दर्जनौंको ज्यान गएको बताइएको छ। बुधबार जमैकामा यसको प्रभाव सबैभन्दा बढी देखिएको थियो। श्रेणी ५ को आँधीले सोझै यस क्षेत्रमा ठूलो नोक्सान गरेका अन्तर्राष्ट्रिय समाचार एजेन्सीले जनाएका छन्।

जमैकामा धेरै मानिस अझै पनि घरको छानामा फसेका छन् भने बिजुली र आपूर्ति सेवा बन्द छ। प्रधानमन्त्री एन्ड्यु होल्नेसले देशभरको अवस्थालाई पूर्ण विनाशकारी भनेर वर्णन गरेका छन्। 'हुरीले पूर्ण विनाश निम्त्याएको छ। ८० देखि ९० प्रतिशत घरका छाना उडाएका छन्। साथै अस्पताल, पुस्तकालय, प्रहरी चौकी, बन्दरगाह, घर र अन्य पूर्वाधारहरू नष्ट भएका छन्', उनले भने।

## पाकेको धानबालीमा बर्खाको क्षति, किसान चिन्तित

**रत्नप्रसाद आचार्य** | *सुनसरी*

पूर्वी नेपालमा निरन्तरको वर्षाले पाकेको धानबालीमा ठूलो क्षति पुगेको छ। बुधबार रातिदेखि सुरु भएको अविरल वर्षा बिहीबार बिहानसम्म जारी रह्यो। त्यसैकारण पाकेको धान काट्ने बेला खेतमै भिजेपछि किसान चिन्तित छन। पाकेको धान काट्न र थन्क्याउन नपाएको किसानको गुनासो छ। काटिसकेको धान पनि पानीले भिजाएपछि खेतमै धान नष्ट हुने अवस्था सिर्जना भइरहेको छ। 'धान पाकेर तयार छ तर पानी नरोकेपछि काट्नै सकिएको छैन, खेतमै कुहिने डर छ।', उदयपुरको चुवाडेका किसान नवीन ढकालले भने, 'वर्षाले खेतमै पाकेको धान खेर जाने चिन्ता बढ्दैछ।'

कोशी प्रदेशका १४ वटै जिल्लामा बुधबार र बिहीबार परेको वर्षात्ले किसानको खेतमा पाकेको धानमा ठूलो क्षति पुगेको छ। मौसम पूर्वानुमान महाशाखाले अझै केही दिन पानी पर्ने जनाएपछि किसान धान थन्क्याउन नपाउने भन्दै पिरलोमा छन। वर्षाले सुनसरी, मोरङ, झापा, उदयपुर, खोटाङ, भोजपुर, ओखलढुंगा, इलाम, पाँचथरलगायतका जिल्लाका किसान प्रभावित भएका छन्। यी जिल्लामा अहिलेको




**खोटाङको लफ्याङमा पाकेको धान।** ● तस्बिर सौजन्य : सूर्य राई

अवस्थामा धान पाक्ने र भित्र्याउने बेला हो। खोटाङको दिक्तेल-१ का किसान बैजनाथ रिजालले खेतमा थुप्रिएको धान पानीले भिजाएर कुहिन थालेको बताए। उनले भने, 'हामीले वर्षभरि गरेको मेहनत यही धानमा थियो, अहिले मौसमले साथ नदिँदा मन उदास भएको छ।' खोटाङका अर्का किसान सोमप्रसाद आचार्यका अनुसार वर्षाका कारण पाकेको धान पानीले नष्ट हुन थालेको छ। 'धान पाकिसकेको थियो, काट्ने तयारीमै पानी पर्‍यो, अब खेतमा हिलो र पानीले धान ढल्न थालेको छ', उनले भने। धानको मुख्य उत्पादन सिजनमा परेको यस वर्षाको असरले धान उत्पादनमा ठूलो कमी आउने अनुमान गरिएको छ। अधिकांश किसानको लगानी, मलखाद र श्रमको प्रतिफल अनिश्चित बन्ने भएपछि किसान चिन्तित भएका छन्।

» बाँकी पृष्ठ ५


## ट्रम्प र सीबीच व्यापार युद्ध रोक्ने सहमति

**दक्षिण कोरिया** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङले दुवै देशबीच जारी व्यापार युद्धको तनावलाई रोक्ने सहमति गरेका छन्। यस सम्झौताले विश्व अर्थतन्त्रमा नकारात्मक असर पार्ने खतरा कम भएको अन्तर्राष्ट्रिय विश्लेषकहरूले बताएका छन्।

दुवै नेताबीचको दक्षिण कोरियामा सम्पन्न एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनको अवसरमा बिहीबार भेटवार्ता भएको हो। सन् २०१९ पछि पहिलो पटक ट्रम्प र सीबीच प्रत्यक्ष भेटवार्ता भएको हो।

सम्झौताअनुसार चीनले दुर्लभ खनिज निर्यात नियन्त्रणको योजना एक वर्षका लागि स्थगित गर्नेछ भने अमेरिकाले चीनका सामानहरूमा लगाउन लागेको १०० प्रतिशत भन्सार हटाउनेछ।

यसबाहेक, ट्रम्पले फेन्टानिलसम्बन्धी भन्सार दर २० प्रतिशतबाट घटाएर १० प्रतिशतमा ल्याउने घोषणा गरेका छन्। राष्ट्रपति सीले चीनबाट अमेरिका हुँदै प्रवेश गर्ने कृत्रिम नशालु पदार्थ फेन्टानिलको प्रवाह रोक्न सक्दो प्रयास गर्ने वाचा गरेका छन्।




कांग्रेस महाधिवेशन विवाद

## इतर पक्ष भन्छ चुनावअघि, संस्थापन पक्ष चुनावपछि

**राधा खनाल** | *काठमाडौं*

कांग्रेसको केन्द्रीय समिति बैठकमा संस्थापन पक्षधर नेताहरूले फागुन २१ को चुनावपछि पार्टी महाधिवेशन गर्नुपर्ने धारणा राखेका छन्। तर इतर पक्षले मंसिरमा नियमित नभए चुनावअघि विशेष महाधिवेशन गर्नुपर्नेमा जोड दिएको छ।

बिहीबारदेखि पुन: सुरु केन्द्रीय समिति बैठकमा महाधिवेशनबारे संस्थापन र इतर पक्षका नेताहरूले फरकफरक मत राखेका हुन्। त्यसैकारण महाधिवेशनको मितिबारे कांग्रेसमा किचलो बढ्दै गएको छ।

महाधिवेशनको विषयमा समान धारणा र सहमति बन्न नसक्दा कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई महाधिवेशनको तालिका पेस गर्न सकस भइरहेको छ। यद्यपि, सहमति जुटाउन खडका चौतर्फी कुदिरहेका छन्। कार्यवाहक सभापति खड्का, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा संस्थापन पक्षसँगै अन्य नेताहरूलाई सहमति जुटाउनमै अभ्यस्त रहे। कांग्रेसमा संस्थापन पक्ष निर्वाचनअघि महाधिवेशन गर्न नहुने पक्षमा छ। संस्थापन



पक्षले सबै मुद्दालाई व्यवस्थापन गर्दा वैशाखमा महाधिवेशन गर्न उचित हुने भनिरहेको छ। अर्कोतिर ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गर्दै हस्ताक्षर बुझाइसकेको अवस्था छ।

महामन्त्रीद्वय थापा, शर्मा र इतरपक्षीय नेता शेखर कोइराला पक्षधर भने ढिलोमा पुसभित्रै नियमित महाधिवेशन गर्नुपर्ने, नभए विशेष महाधिवेशन गर्नुपर्ने अडानमा टसमस छैन।

कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले भने बिहीबारको बैठकमा पनि फागुन २१ को निर्वाचनपछि मात्रै महाधिवेशन गर्नुपर्ने भन्नेमा पार्टीमा बलियो बहुमत रहेको दाबी गरे। बैठकमा बोल्ने अधिकांश नेताहरूले नियमित महाधिवेशनको पक्षमा धारणा राखेको पनि उल्लेख गरे। उनले भने, 'सरकारबाट सुरक्षाको सुनिश्चितता भयो भने निर्वाचनमा जानुपर्छ। अहिले १५औं महाधिवेशनमा चुनावअघि कि पछि गर्ने भन्नेमा मतभिन्नता हो। त्यसमा सम्पूर्ण पार्टी केन्द्रित होऔं। त्यसपछि महाधिवेशनमा जाने कुरा गर्नुभएको छ।'

उनले विशेष महाधिवेशनको कुरा उठेपछि महाधिवेशन प्रतिनिधिको हस्ताक्षरको विषयमा केही प्रश्न उठेको बताए। कांग्रेस बागमती प्रदेश कार्यसमिति सभापति इन्द्रबहादुर बानियाँले महाधिवेशनबारे परिपक्व निर्णय गर्नुपर्ने बताए। बैठकमा आमन्त्रित सदस्यका रूपमा बागमती प्रदेशका मुख्यमन्त्रीसमेत रहेका बानियाँले महाधिवेशनबारे अपरिपक्व निर्णय गर्दा पार्टीलाई क्षति पुग्ने बताए। उनले भने, 'महाधिवेशन गर्ने मितिबारे निर्णय गर्दै जाने र पछि त्यसलाई कार्यान्वयनको वातावरण नबनाई अर्को निर्णय गर्ने हो भने पार्टी अपरिपक्व ठहरिन्छ। निर्णय गर्दा केन्द्रीय समितिले विशेष मनन् गरेर निर्णय गर्नु पर्दछ।'

» बाँकी पृष्ठ ५